जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ अंक:- ५३ २०८२ साल असोज १ बुधवार (September 17, 2025) पृष्ठ संख्या:- ४ मुल्य रु : ५।-

## डोटीमै स्वास्थ्य निर्देशनालय संचालन गर्न व्यवसायीहरूको आग्रह

बिगूल समाचार
१ असोज २०८२

डोटी । डोटी जिल्लाको स्वास्थ्य निर्देशनालय राजपुरमै रही सेवा प्रदान गर्नुपर्ने माग स्थानीय व्यवसायीहरूले गरेका छन् ।

डोटी उद्योग वाणिज्य संघको एक टोलीले आइतबार स्वास्थ्य निर्देशक डा. खगेन्द्र बमलाई भेटेर निर्देशनालय डोटीमै संचालन गर्नुपर्नेमा जोड दिएको हो । संघका कोषाध्यक्ष आई.जंग कुँवरले निर्देशनालयलाई डोटीमै स्थायी रुपमा सञ्चालन गर्न र कर्मचारीहरूले यहीँबाट सेवा दिनुपर्नेमा आग्रह गरेका बताए ।



भेटघाटका क्रममा स्वास्थ्य निर्देशक डा. बमले निर्देशनालयको सम्पर्क कार्यालय धनगढीमा नरहेको स्पष्ट पार्दै सुदूरपश्चिमका सबै जिल्लामा कार्यक्रमहरू सञ्चालन भइरहेको जानकारी गराए । साथै, निर्देशनालय बाट हुने सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन आफू प्रतिबद्ध रहेको समेत उनले बताए ।

यसैबीच, सुदूरपश्चिम प्रदेशको मन्त्रालय तोडफोडको अवस्थाले स्थानीयमा राजधानी सम्बन्धी बहस फेरि चुलिएको छ । दिपायललाई राजधानी कायम गर्नुपर्ने आवाज सामाजिक सञ्जालमा तीव्र बनेको छ । स्थानीय राजपुर बासीहरूका अनुसार, राजधानी दिपायलमै भए अझ राम्रो हुने थियो । तर, चुनावी समयमा राजधानी सम्बन्धी चर्चा भए पनि अहिलेसम्म ठोस उपलब्धि भने हुन सकेको छैन ।

## दार्चुलाका पत्रकार हरिप्रसाद जोशीले सरकारलाई ५०,७५३ रुपैयाँ सहयोग गर्ने

बिगूल समाचार
१ असोज २०८२

डडेल्धुरा। दार्चुला जिल्लाका पत्रकार हरिप्रसाद जोशीले देशको पुनर्निर्माणमा सहयोग पुऱ्याउन नेपाल सरकारलाई आफ्नो व्यक्तिगत बचतबाट रु. ५०,७५३ सहयोग गर्ने घोषणा गरेका छन्। यो रकम उनले जिल्ला प्रशासन कार्यालय दार्चुला मार्फत हस्तान्तरण गर्ने बताएका छन् ।

न्युज २४ टेलिभिजनका जिल्ला संवाददाता, प्रेस सेन्टर नेपाल दार्चुलाका अध्यक्ष र नेपाल पत्रकार महासंघ दार्चुलाका सहसचिव समेत रहेका जोशीले जेन-जी आन्दोलनले




देशमा निम्त्याएको क्षतिको मर्मत सम्भार र पुनर्निर्माणका लागि यो सहयोग गर्ने निर्णय गरेको बताएका छन् । उनले केवल सहानुभूतिले मात्र देशका समस्या समाधान नहुने भन्दै आफ्नो व्यक्तिगत बचतबाट रकम दिने निर्णय गरेको जनाएका हुन् ।

जोशीले भने, "मसँग धेरै पैसा नभए पनि सूचना, विज्ञापन र डकुमेन्ट्रीबाट कमाएको रकममध्ये मैले आफ्ना बच्चाहरूको लागि ड्रेस, कापी र कलम किन्न छुट्याएको बचतबाट यो रकम देशको भलोका लागि योगदान गर्न चाहेको हुँ ।"

उनले यस्तो कठिन समयमा सबैले सक्दो सहयोग गर्नुपर्नेमा जोड दिँदै, "देश बाँच्यो भने हाम्रो अस्तित्व छ, यसर्थ यहाँहरू पनि सक्दो सहयोग गर्न सक्नुहुनेछ," भनी सबैलाई सहयोगका लागि आग्रह समेत गरेका छन्। उनले गतिशील न्युज मार्फत यस्तै घटनामा सहयोग गर्न चाहने सबै महानुभावहरूलाई पनि थप सहयोगका लागि आह्वान गरेका छन् ।

## जलेको पार्टी कार्यालय हेर्न पेरिसडाँडा पुगे प्रचण्ड

बिगूल समाचार
१ असोज २०८२

पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड एक सातापछि सार्वजनिक भएका छन् ।

जेनजी आन्दोलनको क्रममा आफ्नो निवास र पार्टी कार्यालय ध्वस्त भएसँगै नेपाली सेनाको संरक्षणमा रहेका प्रचण्ड आज पार्टी कार्यालय पेरिडाँडाबाट सार्वजनिक भएका हुन् ।



अध्यक्ष प्रचण्डले ध्वस्त बनाइएको पार्टी कार्यालय भवनका सबैभागको अनुगमन गरेका छन् ।

त्यसक्रममा प्रचण्डले संचारकर्मीहरुसँग छोटो कुराकानी गर्दै प्रचण्डले पार्टी केन्द्रीय कार्यालयसहित देशभरका सबै कार्यालय भवनहरु अझ नयाँ रुपमा भव्य रुपमाले पुनरर्स्थापित गरिने प्रतिवद्धता जनाए। प्रचण्डले पार्टीको माइन्यूट, केही कम्प्युटर र पुस्तकालय वचेको जानकारी दिए। उनले ध्वंसको बीमा पनि पार्टीका महत्वपूर्ण संरचनाहरु जोगाउन सक्रिय भूमिका खेल्ने नेता कार्यकर्ताहरुलाई धन्यवाद दिए । दुई तीन दिनको बीचमा पार्टी कार्यालय सरसफाइ अभियान संचालन भएको भन्दै उनले सन्तोष समेत व्यक्त गरे ।

अध्यक्ष प्रचण्डले सरसफाइमा समेत सहभागी भएकाछन् । उनीसँग उपाध्यक्ष पम्फा भुसाल, उपमहासचिव वर्षमान पुन लगायतका नेताहरु, वाईसीएस, विद्यार्थी, महिला, मजदुर लगायतका संगठनका नेता कार्यकर्ताहरु सहभागी भएका थिए ।

## सुचना ! सुचना ! सुचना !

**व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

**परशुराम नगरपालिका**
**वडा नं. १० को कार्यालय**
**डडेल्धुरा**

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भद्रपुर, डडेल्धुरा**

## दुर्गाथली गाउँपालिका बभाङ्ग को अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**दुर्गाथली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बभाङ्ग**

## सम्पादकीय

### "विश्वकर्मा पूजा : विज्ञान, प्रविधि र श्रमप्रतिको सम्मान"

भगवान विश्वकर्मा हिन्दू धर्ममा देवताका शिल्पकार, वास्तुकार र सम्पूर्ण ब्रह्माण्डका निर्माता मानिन्छन् । पौराणिक मान्यताअनुसार उहाँ अष्टा-वसू मध्येको आठौं वसू हुनुहुन्छ। विश्वकर्माले भगवान शिवको लागि त्रिशूल, विष्णुको लागि सुदर्शन चक्र, इन्द्रको लागि वज्र निर्माण गर्नुभएको उल्लेख पाइन्छ। स्वर्गको इन्द्रप्रस्थ र लङ्काको सुनको महल पनि उहाँकै सिर्जना मानिन्छ । उहाँलाई शिल्प, कला, उद्योग र प्रविधिको आदि-प्रवर्तकका रूपमा पूजा गरिन्छ। विश्वकर्मा पूजा विशेष गरी मजदुर, शिल्पकार, इन्जिनियर, उद्योगी र कामदारहरूले आफ्ना औजार र प्रविधिको सम्मान स्वरूप मनाउने गर्छन् ।

विश्वकर्मा पूजा धार्मिक, सांस्कृतिक र सामाजिक दृष्टिले निकै महत्त्वपूर्ण छ। यसलाई केवल एक चाडको रूपमा बुझ्न सकिँदैन । यसमा विज्ञान, प्रविधि र श्रमप्रतिको गहिरो दर्शन निहित छ । भगवान विश्वकर्मालाई हिन्दू धर्ममा वास्तुकला, शिल्पकला र इन्जिनियरिङका आदिपुरुषका रूपमा मानिन्छ। पौराणिक कथाअनुसार उहाँले देवताहरूका लागि अद्वितीय हतियारदेखि लिएर महल र रथसम्म निर्माण गर्नुभएको थियो ।


आजको युग विज्ञान र प्रविधिको युग हो। यही प्रविधिलाई जीवन्त बनाउन श्रम, सीप र समर्पण अपरिहार्य छन् । विश्वकर्मा पूजाले श्रम र प्रविधिबीचको अविभाज्य सम्बन्धलाई जोड्ने काम गरेको छ। यही दिनमा कामदार, शिल्पकार, इन्जिनियर, मजदुर वा उद्योगीहरूले आफ्ना औजार र उपकरणलाई सम्मान गर्दै पूजा गर्छन्। यसलाई उपकरण मात्र होइन, आफ्नै श्रमशक्तिको प्रतीक मानिन्छ । कलकारखाना, ग्यारेज वा पसलहरू यस दिन विशेषरूपमा सजाइन्छन्। मेसिन र यन्त्रहरूको पूजा गरेर सकारात्मक ऊर्जा प्राप्त गर्ने परम्परा अझै कायम छ।

आजको सन्दर्भमा विश्वकर्मा पूजाको महत्त्व अझ प्रस्ट बन्छ । किनभने आधुनिक प्रविधिहरू जस्तै कम्प्युटर, रोबोटिक्स, आर्टिफिसियल इन्टेलिजेन्स, मेसिन लर्निङ वा ३-डी प्रिन्टिङले हाम्रो जीवनमा ठूलो प्रभाव पारेका छन्। यी प्रविधि वा उपकरणहरूको प्रयोग मानव श्रमबिना सम्भव छैन। वैज्ञानिकले नयाँ प्रविधि विकास गर्न सक्छन्, तर त्यसलाई व्यवहारमा उतार्ने शक्ति श्रमिककै हातमा हुन्छ। यही कारण यो पर्व विज्ञान र श्रमबीचको सन्तुलनलाई प्रतिविम्बित गर्ने एउटा अद्वितीय परम्परा बनेको छ।

विश्वकर्मा पूजाले श्रमको सम्मान गर्ने सन्देश दिन्छ । प्रविधि कति आधुनिक भए पनि श्रमिकबिना त्यसको मूल्य शून्य हुन्छ। कुनै पनि प्रविधि प्रयोगकर्ताविहीन केवल धातु वा प्रविधिक तर्क मात्र हुन्छ। जब श्रमिकले आफ्नो सीप, श्रम र इमानदारितासहित त्यसलाई चलाउँछन्, तब मात्र प्रविधिले समाजलाई परिवर्तन गर्न सक्छ। यही कारण यो पर्वले मानिसलाई श्रमको कदर गर्न, श्रमिकलाई सम्मान गर्न र प्रविधिलाई सकारात्मक रूपमा प्रयोग गर्न प्रेरित गर्छ।

भविष्यमा विश्वकर्मा पूजाको महत्त्व अझ बढ्ने निश्चित छ । प्रविधि जसरी तीव्र गतिमा अगाडि बढिरहेको छ, त्यसरी नै श्रमको सम्मान गर्ने आधार पनि अझै प्रबल बन्नेछ। रोबोटिक्स वा कृत्रिम बुद्धिमत्ता कति नै उन्नत भए पनि मानव श्रम र सीपको आवश्यकता समाप्त हुने छैन । विश्वकर्मा पूजाले भविष्यमा पनि मानिस र मेसिनबीचको सामञ्जस्यलाई सुदृढ बनाउन योगदान गर्नेछ।

विश्वकर्मा पूजा धार्मिक अनुष्ठान मात्र नभई समाजलाई श्रम, विज्ञान र प्रविधिको सहअस्तित्वबारे सचेत गराउने पर्व हो। यसले हामीलाई हाम्रो कामप्रति इमानदार बन्न, सीपलाई सम्मान गर्न र प्रविधिलाई मानव हितका लागि प्रयोग गर्न प्रेरित गर्छ। यही मौलिकता नै यसको चिर स्थायी महत्त्व हो। विश्वकर्मा पूजाले दिएको शिक्षा स्पष्ट छ। श्रम, सीप र प्रविधिलाई सम्मान गरौं, तब मात्र हाम्रो सभ्यता र संस्कृतिले दिगो प्रगति गर्न सक्छ।



## कांग्रेस-कम्युनिस्टको राजनीतिक पतन र अबको बाटो

**हिजोसम्म कांग्रेस र कम्युनिस्ट पार्टीको नेतृत्व गरेका नेताहरूको राजनीतिक देहावशान भएको कुरामा दुईमत छैन । उनीहरूको विरासतमा बसेर वा टेकेर अब न कांग्रेस न त कम्युनिस्टहरूको नै राजनीति अघि बढ्न सम्भव छ । त्यसैले तिनीहरूलाई राजनीतिबाट अलग राखेर नयाँ तरिकाले, नयाँ शिराबाट, नयाँ मान्छेहरू मिलेर, नयाँ शक्तिको निर्माण गर्न तत्काल पहलकदमी लिनुपर्छ । अर्थात् अबको राजनीतिलाई पुनः जनतातर्फ फर्काउनु पर्छ ।**



दिनेश रायमाझी

कांग्रेस र कम्युनिस्ट पार्टीहरूको निर्माण सानो दुःखले भएको थिएन भन्ने कुरा बताइरहनु नपर्ला। यी दलहरूको निर्माणमा नेपाल आमाका असल सपुतहरूको ठुलो शहादत, त्याग, बलिदान, रगत र पसिना मिसिएको छ। सामाजिक न्याय, वर्गीय समानता र नेपाली जनताको मुक्ति नै पहिलो र एकमात्र लक्ष्य रहेको कारणले यी दलहरूको निर्माण हुन सकेको हो। कांग्रेस पार्टी बनाउन, कम्युनिस्ट पार्टी बनाउन लाग्ने मानिसहरूको जीवनलाई हेर्ने हो भने त्यो गौरव गाथाहरूले भरिएको देखिन्छ। तिनीहरूले भोक भनेनन्, प्यास भनेनन्, निन्द्रा भनेनन्, खुला आकाशमा हिँड्न पाएनन्, परिवारमा बसेर खान पाएनन्, जवानीको आनन्द लिन पाएनन् ।

कहिले गाईको गोठमा, कहिले परालको टौवामा दिन काटे र रातमा बाटो काटे। प्रवासको भूमिमा बसेर देशका जनताको मुक्तिको मार्गचित्र कोरे। आफ्नो आदर्श उद्देश्य र तदनुसारको जीवन, आचरण र कार्यशैलीले यिनीहरूलाई जनताले मनपराए पार्टी बनाउनसके । जनताको साथ पाएर राणाशासनको अन्त्य गरेर प्रजातन्त्र ल्याउन सके । पञ्चायतलाई फाल्न सके । राजतन्त्रको उन्मूलन गरे र गणतन्त्र स्थापना गर्न सके । तर, आज यी दुवै दलहरूले आफ्नै कुकर्मले आफ्नो ऐतिहासिक विरासतमाथि कालो पोत्ने काम गरे, जनतालाई धोका दिए, आफ्नो वर्गलाई धोका दिए र तिनै जनताको नाममा आफ्नो इन्द्रासन खडा गर्ने दुस्साहस गरे। फलस्वरूप तिनीहरूले आफ्नो मात्रै औचित्य समाप्त पारेनन् कि सिंगो वाम प्रजातान्त्रिक आन्दोलनलाई नै धराशायी बनाउने काम गरे । सानो धक्काले तिनीहरूले स्थापना गर्न खोजेको साम्राज्य निमेषमा ध्वस्त हुन गयो। नेपाली जनताले लगातार र निरन्तर सचेत गराएकै हुन्। तिमीहरूले जनतालाई धोका दिने काम गरिरहेका छौ, जनतामा असन्तुष्टि बढिरहेको छ भनेर । बोलेर, लेखेर, अन्तरक्रिया गरेर, असहमति जनाएर भनेकै हो, सचेत गराएकै हो। तर यिनीहरूको कानमा बतास लागेन। बरू सचेत गराउने, सच्चिन सल्लाह दिने तमाम मानिसहरूको खेदो खन्ने, तिनीहरूको राजनीति नै खतम गरिदिने निर्लज्जतापूर्ण काम गरे। असहमति, आलोचना, सही सल्लाह र सुझावहरूलाई तिनीहरूले आफ्नो बिरोध गरेको भनेर लिए र तिनलाई दबाउने काम गरे। यिनीहरूको निरन्तरको यस्तो हर्कतले यिनीहरूको आफ्नै साम्राज्यलाई पानीको फोकाजस्तो बनाइदियो ।

नेपाली जनताको आकांक्षा पूरा गर्न नसकिने, आकासबाट तारा झार्नेजस्तो असम्भव किसिमको थिएन । बिपीले भनेजस्तो किसानको घरमा एउटा गाई पालेर दुध खान सक्ने अवस्था बनाउनु थियो । कम्युनिस्टहरूले भनेजस्तो गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यको प्रबन्ध गरे पुग्ने थियो। तर अहँ उनीहरूले यस्तो गर्ने काम गरेनन्। राजाले रोएर, हात जोडेर वा अरू जेसुकै गरेर भए पनि देशलाई औद्योगीकरणको बाटोमा हिँडाउने प्रयासस्वरूप अनेक किसिममा उद्योग कलकारखानाहरू खोलेका थिए, राजमार्गहरू निर्माण गरेका थिए। तर यिनीहरूले ती सबै उद्योग कलाकार खानाहरूलाई ध्वस्त बनाउने काम गरे कमिसनको लोभमा परेर। अहिले ती उद्योग कलकारखानाहरूमध्ये एउटा पनि अस्तित्वमा छैन। नयाँ स्थापना गर्ने त धेरै परको कुरा भयो। कथित उदारीकरण, निजीकरणको नाममा यिनले देशलाई उत्पादन गरेर होइन कि मागेर वा किनेर खानुपर्ने अवस्थामा पुऱ्याए ।

अर्थात् धन हुनेले मात्रै बाँच्न सक्ने, गरिबहरू या त भोकै होइन भने बिदेशिनु पर्ने बाध्यात्मक अवस्था सृजना गराए। देशमा रोजगारी समाप्त पारे, कुशासन चलाए, भ्रटाचार र कमिसनको जालोमा देशलाई डुबाउने काम गरे र सबैभन्दा नराम्रो काम सिंगो पार्टीलाई अनैतिक बनाउने काम गरे। पार्टीभित्र कमिसन नखाने, भ्रष्टाचार नगर्ने, जनतालाई नठग्ने लिडर भेट्न मुस्किल पर्छ । विद्यार्थी नेताहरू कलेज, विश्वविद्यालय प्रशासनबाट असुली गर्ने, युवा संघका नेताहरू व्यापारी तथा ठेकेदारहरूबाट असुली गर्ने, सांसदहरू कर्मचारी तथा पुलिस अधिकारीहरूको सरुवा बढुवामा पैसा उठाउने, मन्त्रीहरू ठुला ठुला ठेक्कामा, ठुला ठुला खरिदमा कमिसन खाने, सरुवामा पैसा खाने काममा लिप्त रहे ।

देशमा काम नहुँदा, व्यवसाय गरेर खाने वातावरण नहुँदा अहिले लगभग ८० लाख नेपाली जनता विदेशमा गएर मजदुरी गरिरहेका छन्। यो भन्दा लज्जास्पद अरू के हुनसक्छ ?

हामीले नबाब, वादशाह, तानाशाहहरूको जीवनशैलीको बारेमा पढेका त थियौं तर त्यसको प्रत्यक्ष झल्को यिनीहरूले दिए । वर्गबाट उठेका, घरमा खान नपुगेर अरूको घरमा बसेर काम गरेर माथि उठेका नेताहरूको जीवनशैली कथामा उल्लिखित इन्द्रकोभन्दा कम देखिँदैनथ्यो। महलभित्र स्वर्ण रंगको सिंहासनमा विराजमान भएर कलाकारहरूलाई सामुन्नेमा राखेर गीतगजल सुन्दै आनन्द लिइरहेको, कहिले स्नुकर खेल्दै गरेको, कहिले सारंगी बजाइरहेको, कहिले नाचेको, कहिले चुटकिला सुनेको श्रव्यदृश्य प्रसारण गरेर जनतालाई 'म नै राज्य हुँ' वा 'राज्य नै म हो' भनेजस्तो गरी जनताको सामुन्नेमा प्रस्तुत हुने दुस्साहस गरेको देख्दा जनताबाट अलग भइसकेको कुरा सजिलै बुझिन्थ्यो। जनताको अगाडी उनीहरू सर्वांग नांगो भइसकेका थिए । जसको घरमा राम्रोसँगले २ छाक खान पुग्ने अवस्था थिएन तिनीहरूको सिंगमर्मर र क्रिस्टल झुमर हालेको चम्चमाउँदो महल, भित्तामा लाखौं पर्ने पेन्टिङ, जनावरका सिङ र छाला सजाइएको देख्दा वास्तवमा यिनीहरू वर्गबाट उठेका थिएनन्, बरू यिनीहरू त साँच्चै नै सामन्ती घरानाका सदस्यहरू थिए भनेजस्तो भान हुन्छ। यस्तो जीवनशैली अपनाउने चिन्तन हावी हुनु भनेको आफू जन्मिएको, आफूले प्रतिनिधित्व गर्छु भनेको वर्गप्रति गरेको गद्दारी हो, जुनकुरा कहींका पनि जनताले सहन गर्दैनन् । त्यसैले जनता बचाउन आएनन् ।

हिजोसम्म कांग्रेस र कम्युनिस्ट पार्टीको नेतृत्व गरेका नेताहरूको राजनीतिक देहावशान भएको कुरामा दुईमत छैन । उनीहरूको विरासतमा बसेर वा टेकेर अब न कांग्रेस न त कम्युनिस्टहरूको नै राजनीति अघि बढ्न सम्भव छ। तर यथार्थ के हो भने देशमा वाम प्रजातान्त्रिक शक्तिलाई समर्थन गर्ने जनताको संख्या भने धेरै ठुलो छ । त्यसकारण यी दुवै शक्तिहरू पुनः बौरिन सक्ने फराकिलो जमिन अहिले पनि छ । त्यसैले बाम प्रजातान्त्रिक शक्तिहरूले असफल सावित भएका नेताहरूको सुरक्षाको जिम्मेवारी लिँदै तिनीहरूलाई राजनीतिबाट अलग राखेर नयाँ तरिकाले, नयाँ शिराबाट, नयाँ मान्छेहरू मिलेर, नयाँ शक्तिको निर्माण गर्न तत्काल पहलकदमी लिनुपर्छ। अर्थात् अबको राजनीतिलाई पुनः जनतातर्फ फर्काउनुपर्छ ।

अब बनाइने नयाँ दलमा कुनै किसिमका दागी मानिसहरूलाई नेतृत्वमा सामेल नगराउने, भविष्यमा पनि सामेल हुन नसक्ने, समाजले सही मानेको, पारदर्शी आचरण जीवनशैली देखिएको, राष्ट्रिय स्तरमा मात्रै नभएर गाउँघरमा पनि कुनै किसिमको दाग नलागेका मानिसहरू मिलेर नयाँ शक्ति बनाउनुपर्छ । असफल सावित भएका त भए नै, तिनका कोटरीका मानिसहरूले पनि नयाँ शक्तिमा स्थान पाउनु हुँदैन । जसरी विद्रोहले यो सत्तालाई उखालेर फालिदियो त्यसै गरेर पार्टीको पुरानो सत्तालाई पनि उखालेर फाल्ने हिम्मत राम्रा भनिएका मानिसहरूले देखाउनुपर्छ, १ सेकेन्ड पनि ढिला गर्नु हुँदैन ।

ओली, प्रचण्ड वा नेपालले बैठक डाक्लान् र कुरा गरौँला भनेर कुर्ने हो भने नयाँ शक्ति बनाउन सकिने छैन। तिनीहरू जसरी खरानी भए त्यसरी नै सबैजना खरानी हुने हो । ह्युगो चावेजलाई पनि त्यहाँको सत्ताले बन्दी बनाएको थियो तर उनी जनताको समर्थनमा त्यो शक्तिलाई परास्त गरेर सत्तामा आए, अहिले उनैले स्थापना गरेको सत्ता अमेरिकी साम्राज्यवादको डटेर प्रतिरोध गरिरहेको छ। ब्राजिलका लुलालाई पनि षड्यन्त्र गरेर, अनेकौं मुद्दाहरू लगाएर अमेरिको साम्राज्यवादको सहयोगमा जेलमा राखिएको थियो, चुनावमा भागलिनबाट रोकिएको थियो तर उनी पनि जनताको सहयोगमा पुनः सत्तामा फर्किएका छन् । यस्तो हुन किन सम्भव भएको हो भने उनीहरूसित नैतिक बल थियो, भ्रष्टाचार गरेका थिएनन्। राजशी जीवनशैली थिएन्, जनताबाट अलग भएका थिएनन्। जनता उनीहरूकै साथमा थिए। नयाँ मानिसहरूले नेतृत्व आफ्नो हातमा लिएर आन्दोलनको पुनर्गठन गर्नुअघि आउने हो भने जनताले नयाँ शक्तिलाई नै समर्थन गर्नेछन् । आन्दोलन जनताको कारणले असफल भाको इतिहास अहिलेसम्म लेखिएको छैन । जेजति आन्दोलनहरू असफल भएका छन्, वामपन्थी, समाजवादी सत्ताहरू असफल-धराशायी भएका छन् तिनीहरू सबै नेतृत्वको बेइमानी, गद्दारी, नाकामी र अवाञ्छित महत्वाकांक्षाको कारणले भएका छन् । यो पनि नेतृत्वकै कारणले असफल हुन पुगेको हो। तर अलि गहिरिएर हेर्ने हो भने यी असफलतालाई पुनः सफलतामा बदल्न सकिने सम्भावनाहरू प्रसस्त देखिन्छन् । तर यसको पहिलो सर्त भनेको नयाँ मानिसहरूको नेतृत्वमा नयाँ आन्दोलन नै हो। ह्युगो चावेज र लुलाको जस्तो चरित्र भएका मानिसहरूको हातमा नेतृत्व पुगेमा आत्तिनुपर्ने हुँदैन र आउने चुनावमै ठुलो धक्का दिन सकिने परिस्थितिको निर्माण हुनसक्छ ।

जेसुकै भन्दा पनि यो असाधारण अवस्था नै हो, र पुरानो सत्ता ढलेर नयाँ सत्ता कायम भएको अवस्था नै हो । यो सत्तासँग कि त प्रतिस्पर्धा गरेर अघि बढ्ने हो कि भने बृहत् जनआन्दोलन गरेर यसलाई विस्थापन गर्ने हो। यी २ मध्ये अहिलेको निम्ति कम जोखिमपूर्ण उपाय भनेको आउने फागुनमा हुने चुनावमा भाग लिने नै हो। तर यसको निम्ति केही महत्वपूर्ण तयारीहरू भने गर्नैपर्छ। वाम-प्रजातान्त्रिक

## पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन बैतडी

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिक:- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुरा:- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुरा:- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुरा:- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुरा:- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुरा:- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुरा: | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटर:- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुरा:- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुरा:- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुरा:- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुरा:- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुरा:- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुरा:- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुरा:- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुरा:- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुरा:- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुरा:- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुरा:- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुरा:- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरा:- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुरा:- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुरा:- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुरा:- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुरा:- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखा:- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुरा:- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुरा:- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुरा:- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुरा:- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुरा:- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुरा:- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुरा:- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुरा:- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुरा:- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुरा:- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना:- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुरा:- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय:- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुरा:- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुरा:- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुरा:- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुरा:- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुरा:- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुरा:- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुरा:- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुरा:- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुरा:- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुरा:- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागि:- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पताल:- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुरा:- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुरा:- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुरा:- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुरा:- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुरा:- | ०९६-४२०१७९ |
| हरमस नेपाल:- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुरा:- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुरा:- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुरा:- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुरा:- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुरा:- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढा:- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुरा:- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

# डडेल्धुरा अस्पताल डडेल्धुरा

## समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरुलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

## सुचना ! सुचना ! सुचना !

**व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

**अजयमेरु गाउँपालिका**
**वडा नं. २ को कार्यालय**
**डडेल्धुरा**

## मालपोत कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- आफ्नो जग्गाधनी दर्ता, नामसारी, क्षेत्रफरक, मोही नाम काट्टा लगायतका कामहरू समयमै गरौं
- आफ्नो जग्गाको फरक नाप तथा सिमाना प्रष्ट राखी भविष्यमा हुने विवादबाट जोगिऔं ।
- मालपोत तिर्नु नागरिकको कर्तव्य हो, समयमै मालपोत बुझाएर जरिवाना र झन्झटबाट बचौं ।
- मालपोत सम्बन्धी सेवा लिन आउँदा आवश्यक कागजातहरू साथमा ल्याई सेवा छिटो पाउँ ।
- अनलाइन सेवा सुविधा प्रयोग गरी घरमै बसेर मालपोतको पूर्व जानकारी लिई समय र खर्च बचत गरौं ।
- सरकारी कर तथा दस्तुर तोकिएको मापदण्डअनुसार मात्र बुझौं, अनावश्यक शुल्क तिर्न बाध्य नहौं ।
- हाम्रो उद्देश्य: जनताको हक-अधिकार संरक्षण गर्दै पारदर्शी, सहज र छिटो सेवा प्रदान गर्नु हो ।

**नेपाल सरकार**
**भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, डडेलधुरा**

# पतन र अबको बाटो ..........

गठबन्धन सबैभन्दा महत्वपूर्ण पक्ष हो । एक्लाएक्लै लडेर चुनावमा जित हासिल गर्न धेरै मुस्किल छ, किनभने जनताको एउटा हिस्सा सबैसँग रिसाएको छ, भोट छरिनजाने अवस्था रहन्छ। अर्को भनेको भोटको सुरक्षा हो । संस्थापन पक्षको विपक्षमा चुनाव लड्ने कुरा कति कठिन र चुनौतीपूर्ण हुन्छ भन्ने कुरा सबैले बुझेकै कुरा हो । जतिसुकै निष्पक्षतापूर्वक चुनाव हुन्छ भने पनि निर्वाचन आयोग, प्रहरी, सेना र सिंगो प्रशासनिक संयन्त्रहरूको संस्थापन पक्षप्रति सहानुभूति रहने कुरामा पनि २ मत छैन । दक्षिणको छिमेकीको अवस्था हेर्दा पनि यो कुरा बुझ्न सकिन्छ। अमेरिकाजस्तो देशमा भोट रिगिंग हुन सक्छ भने हाम्रो जस्तो देशमा यो हुन सक्दैन भनेर भन्न सकिन्न ।

भोटर र भोटको सुरक्षा कसरी गर्ने भन्ने कुराको तयारी अहिलेदेखि गर्नुपर्छ । चुनावमा उठाइने उम्मेदवारहरूको क्रेडिबिलिटीले पनि हारजितको नतिजामा प्रभाव पार्नेछ । यति, ओम्नीवाला मार्काका मानिसहरूलाई जनताले स्वीकार्ने अवस्था सकिएको छ । नयाँ र जनताको नजिकमा रहेर काम गरिरहेका, जनताको विश्वास नगुमाएका मानिसहरू बाहेक अरूले चुनावमा जित्ने सम्भावना नै छैन । अर्को भनेको र मुख्य भने पनि हुन्छ, त्यो हो चुनावमा किन भोट दिने र फेरि पनि तपाईंहरूलाई नै किन जिताउनुपर्ने भन्ने प्रश्नको जबाफ हो । घुस खान, अकुत सम्पति जोड्न, राजशी ठाँट प्रदर्शन गर्न, जनतालाई अपमान गर्न जिताउने ? अब प्रष्टसँग भन्नुपर्छ हामीले १ पैसा पनि भ्रष्टाचार गर्दैनौं, १ पैसा पनि कमिसन लिँदैनौं, पारदर्शी जीवनशैली अपनाउनेछौं, दलाल र माफियाहरूको काम गरेर जनतालाई आफ्नो घर/अफिसको ढोका बन्द गर्ने छैनौं भनेर एकिन गराउन सक्नुपर्छ। यस्तो भन्न सक्ने मानिसहरूको पार्टीहरूभित्र कमी छैन। केही मानिसहरूले जनविरोधी काम गरेकोले जनता रिसाएका हुन्, आन्दोलन बदनाम हुन गएको हो, र लुटको साम्राज्य ढल्न पुगेको हो । यो लुटको साम्राज्य ढलेकोमा दुःख मनाउ गर्नुपर्ने कुनै कारण छैन । किनभने यस्तो सत्ता ढल्नु नै थियो। माओवादी जनयुद्धले ढाल्न नसकेको सत्ता सानो र छोटो विद्रोहले ढालीदिएको कुरालाई गहिरोसँग बुझ्नुपर्छ ।

पञ्चायती व्यवस्था गयो, राजतन्त्र समाप्त भयो। तर त्यसबेलाको विजयी शक्तिले पराजित शक्तिको विरुद्धमा कुनै किसिमको बदला लिने काम गरेन। मरिचमान, लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापाजस्ता नेताहरूले कुनै प्रकारको अपमानित जीवन जिउनु परेन । चन्द, थापा, कमल थापा, पशुपति शमशेरजस्ता मानिसहरू त यही व्यवस्थामा सरकारमा समेत सामेल भएको इतिहास छ । अहिले सत्तामा आइपुगेको शक्तिले कांग्रेस र कम्युनिस्टहरूले जस्तो दुःख गरेर यो सत्ता प्राप्त गरेको होइन । नयाँ शक्तिका मानिसहरूले पनि यही ढलेको सत्ताभित्रै रहेर शक्तिको अभ्यास गरेर यो सत्तालाई हराएका हुन्। त्यसकारणले शक्तिको उन्मादमा परेर कसैप्रति पनि बदलाको भावना राखेर काम गरिनु अनुचित हुन्छ ।

अहिले हारेका शक्तिहरूले पनि असफल साबित भएको आफ्नो नेतृत्वको मूल्यांकन माओले स्टालिनको मूल्यांकन गरे जसरी गर्नुपर्छ। हिजोको अत्यन्तै कठिन समयमा आफ्नो ज्यानको पर्वाह नगरी, परिवारको दुःखको पर्वाह नगरी जसरी देश र जनताको मुक्तिको निम्ति भनेर आन्दोलनमा लागे, दुःख पाए त्यसको मुक्तकण्ठले प्रसंसा गर्दै, तर आज यिनीहरूबाट भएको जनविरोधी कामको पनि उतिकै कठोर भएर आलोचना गर्दै बिदा दिनुपर्छ । अब राजनीतिमा यिनीहरूको उपस्थितिलाई अमान्य र अस्वीकार्य बनाउनु पर्छ। बदलाले शान्ति हासिल हुन सक्दैन भन्ने कुरालाई सत्तारूढ हुन पुगेको शक्तिले आत्मसात गर्नुपर्छ। हरेक १० वर्षमा सत्तापलट हुने ट्रेन्ड नै बसिसकेको देख्दा वर्तमान सत्तारूढ शक्तिको आयु भनेको पनि, जति नै अनुकूल अवस्था रहेता पनि, आगामी ९२ भन्दा पर देखिँदैन। देशलाई चाहिएको शान्ति र काम गरेर खाने वातावरण हो । यो देश कसैको बिर्ता नभएकोले कोही पनि स्थायी रूपले सत्तामा रहिरहन सम्भव छैन भन्ने कुरा घाम जत्तिकै छर्लंगै छ ।

लाल बिगूल राष्ट्रिय दैनिक
जि.प्र.का.ड.द.नं. १४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३
२०८२ साल असोज १ मंगलवार
शिक्षा/साहित्य/विविध


व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका
वडा नं. ४ को कार्यालय
डडेल्धुरा

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

नवदुर्गा गाउँपालिका
वडा नं. ३ को कार्यालय
डाडाबन डडेल्धुरा

# रोकिएन वाणिज्य बैंकहरुको ब्याजदर

**बिगुल समाचार**
**१ असोज २०८२**




वाणिज्य बैंकहरूले असोज महिनाका लागि नयाँ ब्याजदर प्रकाशित गरेका छन् । प्रकाशित सूचना अनुसार, भदौ महिनाको तुलनामा असोजमा व्यक्तिगत मुद्दति निक्षेपको अधिकतम औसत ब्याजदर घटेको छ। भदौमा ५.५७७ प्रतिशत रहेको यस्तो ब्याजदर असोजमा ०.११३५ प्रतिशतविन्दुले घटेर ५.४६३५ प्रतिशतविन्दुमा झरेको छ ।

२० वटा वाणिज्य बैंकहरूमध्ये ९ वटाले व्यक्तिगत मुद्दति निक्षेपको ब्याजदर घटाएका कारण औसत ब्याजदरमा कमी आएको हो। प्राइम कमर्सियल बैंक, सानिमा बैंक र एभरेष्ट बैंकले ब्याजदर ०.५ प्रतिशतविन्दुले घटाएका छन् । त्यस्तै, सिटिजन्स बैंक र एनआईसी एशिया बैंकले ०.२५ प्रतिशतविन्दु तथा कुमारी बैंकले ०.२ प्रतिशतविन्दुले ब्याजदर घटाएका छन्।

यसैबीच, दुई बैंकले भने ब्याजदर बढाएका छन्। लक्ष्मी सनराइज बैंकले ०.२५ प्रतिशतविन्दु र स्ट्याण्डर्ड चार्टर्ड बैंकले ०.०५ प्रतिशतविन्दुले ब्याजदर वृद्धि गरेका छन् । बाँकी ९ वटा बैंकले भने भदौ महिनाकै ब्याजदर लाई निरन्तरता दिएका छन् ।

असोज महिनामा व्यक्तिगत मुद्दति निक्षेपमा सबैभन्दा कम ब्याज कुमारी बैंकले प्रदान गर्नेछ, जसले अधिकतम ५.०१ प्रतिशत ब्याजदर तोकेको छ। यता, एनआईसी एशिया, माछापुच्छे, ग्लोबल आइएमई, एनएमबी र हिमालयन बैंकले अधिकतम ६ प्रतिशत ब्याजदर प्रदान गर्ने भएका छन् ।

संस्थागत मुद्दति निक्षेपको अधिकतम औसत ब्याजदर पनि समीक्षा अवधिमा ०.०८८५ प्रतिशतविन्दुले घटेको छ । ७ वटा वाणिज्य बैंकले ब्याजदर घटाउँदा यस्तो औसत ब्याजदरमा कमी आएको हो, भने बाँकी १३ बैंकले भदौकै ब्याजदर लाई निरन्तरता दिएका छन् ।

## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरुको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरुको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लिेक, डडेल्धुरा**

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरुको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपुर, डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**

डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८४८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा